# नोभल कोरोना रोग रोकथाम तथा नियन्त्रण

## उच्चस्तरीय समन्वय समिति

बैठक संख्या : २३

मिति : २०७७।०१।२३ गते मंगलबार

समय :अपरान्ह ४:०० बजे

आज मिति २०७७।०१।२३ गते सम्माननीय प्रधानमन्त्री केपी शर्मा ओलीज्यूको समुपस्थितिमा माननीय उपप्रधानमन्त्री तथा रक्षामन्त्रीज्यूको संयोजकत्वमा गठित **"नोभल कोरोना रोग रोकथाम तथा नियन्त्रण उच्चस्तरीय समन्वय समिति"** को बैठक देहायका माननीय मन्त्रीज्यू तथा उच्च पदाधिकारीहरुको उपस्थितिमा बसी छलफल गरियो।

उपस्थिति:

१. माननीय उपप्रधानमन्त्री तथा रक्षामन्त्री श्री ईश्वर पोखरेल — संयोजक

२. माननीय गृहमन्त्री श्री रामबहादुर थापा — सदस्य

३. माननीय परराष्ट्रमन्त्री श्री प्रदीपकुमार ज्ञवाली — सदस्य

४. माननीय शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री श्री गिरिराजमणि पोखरेल — सदस्य

५. माननीय कृषि तथा पशुपन्छी विकासमन्त्री श्री घनश्याम भुषाल — सदस्य

६. माननीय स्वास्थ्य तथा जनसंख्यामन्त्री श्री भानुभक्त ढकाल — सदस्य

७. माननीय उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री श्री लेखराज भट्ट — सदस्य

८. माननीय संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री श्री योगेशकुमार भट्टराई — सदस्य

९. माननीय अर्थ र संचार तथा सूचना प्रविधिमन्त्री डा. युवराज खतिवडा — सदस्य

१०. माननीय उपाध्यक्ष, राष्ट्रिय योजना आयोग, प्रा.डा.पुष्पराज कँडेल — सदस्य

११. मुख्य सचिव श्री लोकदर्शन रेग्मी, नेपाल सरकार — सदस्य

१२. सचिव श्री नारायणप्रसाद विडारी, प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय — सदस्य सचिव

विशेष आमन्त्रित:

माननीय सङ्घीय मामिला तथा सामान्य प्रशासनमन्त्री, श्री हृदयेश त्रिपाठी

आमन्त्रित:

१. प्रधानसेनापति श्री पूर्णचन्द्र थापा - नेपाली सेना

२. सचिव श्री महेन्द्रप्रसाद गुरागाई - प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

३. सचिव श्री शिशिरकुमार ढुंगाना - अर्थ मन्त्रालय

४. सचिव श्री महेश्वर न्यौपाने - गृह मन्त्रालय

५. सचिव श्री यादवप्रसाद कोइराला - स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

६. प्रमुख विशेषज्ञ डा. दिपेन्द्र रमण सिंह- स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

७. प्रहरी महानिरीक्षक श्री ठाकुरप्रसाद ज्ञवाली - नेपाल प्रहरी

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सिंहदरबार, काठमाडौं

सम्माननीय प्रधानमन्त्री श्री केपी शर्मा ओलीज्यूको समुपस्थितिमा माननीय उपप्रधानमन्त्री तथा रक्षामन्त्री श्री ईश्वर पोखरेलज्यूको संयोजकत्वमा गठित "नोभल कोरोना रोग रोकथाम तथा नियन्त्रण उच्चस्तरीय समन्वय समितिको मिति २०७७ बैशाख २३ गते मंगलबार बसेको २३ औं बैठकमा देहाय बमोजिम निर्णय गरियो;

१. विश्वव्यापी महामारीको रुप लिएको कोरोना भाइरस (Covid-19) को संक्रमणलाई नियन्त्रणमा राख्न हालको बन्दाबन्दीको अवस्थालाई थप केहि दिन विस्तार गर्न सिफारिस गर्ने ।
२. नेपालको अन्तर्राष्ट्रिय सीमानामा रहेका सबै प्रवेश विन्दु र अन्य जुनसुकै स्थानबाट समेत मालसामान ढुवानी बाहेक यात्रु लगायत सबै व्यक्तिहरुको आवागमनलाई अझै खुला गर्न उचित नदेखिएको हुँदा थप केहि अवधीका लागि स्थगन गर्न सिफारिस गर्ने।
३. आगामी वैशाख २५ गते देखि नेपाल सरकारले तोकेको बन्दाबन्दी (Lockdown) को समयावधिमा औषधि, स्वास्थ्य सामग्रीजस्ता अत्यावश्यक वस्तुको उत्पादन तथा विक्री वितरण / खाद्यवस्तु औद्योगिक वस्तुको उत्पादन तथा विक्री वितरण / विकास आयोजनाहरुको संचालन र निर्माणका लागि आवश्यक पर्ने सामग्रीको ढुवानी, बैंकिङ्ग सुविधा सेवालाई CCMC संगको समन्वयमा स्वास्थ्य सुरक्षा मापदण्ड पालना गरी / गराई सामाजिक दूरी कायम गरी / गराई आर्थिक गतिविधी लगायत विकास निर्माणका कार्यहरु संचालन गर्न सिफारिस गर्ने । –

२०७७।१।२३
सचिव

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सिंहदरबार, काठमाडौं

मा. ईश्वर पोखरेल
उपप्रधानमन्त्री तथा रक्षामन्त्री